सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण
Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १६३ | वि.सं. २०७९ पुस २८ गते विहीबार | 12, 2023 Thursday, JAN | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## स्वास्थ्य सम्बन्धी जनचेतना मुलक कार्यक्रम तालिम सुरू ।




वीरगन्ज । बिन्दबासिनी गाउँपालिका वडा नं २ को आर्थिक सहयोग तथा सोन्दर्य डेभलपमेन्ट एंड स्कील प्रालिको आयोजनामा स्वास्थ्य सम्बन्धी जनचेतना मुलक तालिम आज देखि सुरु भएको छ ।कार्यक्रममा उद्घघाटन गर्दै प्रमुख अतिथि एवं वडा अध्यक्ष मुक्ति प्रसाद कुर्मीले तालिममा सिकेका कुराहरु व यवहारमा लागु गर्ने तथा स्वास्थ्य सम्बन्धी सबैले एकजुट भएर काम गर्नुपर्ने बताए ।

बुधबार देखि गाउँपालिकाको वडा नं २ मा रहेको श्री राधा कृष्ण माध्यमिक विद्यालय बहुवार्वामा सञ्चालन गरिएको स्वास्थ्य सम्बन्धी जनचेतना मुलक कार्यक्रम तालिममा वडाका महिलाहरुको सहभागिता रहने कार्यक्रमका अध्यक्षता गरिरहनु भएका वडा नं २ का वडा अध्यक्ष मुक्ति प्रसाद कुर्मीले जानकारी दिए ।

कार्यक्रममा पालिकाका जनप्रतिनिधि र कर्मचारीहरु , तथा स्थानिय नेता तथा महिलाहरूको सहभागिता रहेको थियो॥

## सिर्सिया नदी प्रदुषण मुक्त गराउन माग गर्दै रक्सौल नगर परिषदले बुझायो वीरगञ्ज महानगरलाई ज्ञापन



वीरगञ्ज

सिर्सिया नदी प्रदुण मुक्त गर्न माग गर्दै रक्सौल नगरपरिषदका स्वच्छ सर्वेक्षण अभियन्ताले वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहलाई ज्ञापन पत्र बुझाएका छन् ।

सिर्सिया नदी प्रदुषणले पर्यावरण र जनजीवनमा खतरा बढाएको भन्दै प्रदुषण मुक्त गराउन कडा कदम चाल्न सुझाव सहित ज्ञापन पत्र बुझाएका हुन् ।

रक्सौल नगरपरिषदका स्वच्छ सर्वेक्षण अभियन्ता डा.स्वयंभु शलभले बुझाएको ज्ञापन पत्रमा नदी प्रदुषणले यस क्षेत्रमा भौगर्भीक रुपमै पानी दुषित हुने जोखिम देखिएको उल्लेख छ ।

बारा, पर्सामा संचालित उद्योगबाट निस्कने जहरिलो रसायानिक लेदो सोझै सिर्सिया नदीमा मिसाउने गर्दा नदी प्रदुषित भएको भन्दै त्यसलाई कडाइका साथ नियन्त्रण गर्नु पर्नेमा उनले जोड

बाँकी तेश्रो पृष्ठमा

## मानव बेचबिखनको अभियोगमा रानिपोखरी होटलका मेनेजरसहित ३ जना



वीरगंज । पर्सा प्रहरीले मानव बेचबिखन तथा ओसार पसार अभियोगमा ३ जनालाई पक्राउ गरेको छ। वीरगंज महानगरपालिकाको वडा नं. १५ स्थित रानीपोखरी होटलमा मानव वेच विखन तथा ओसार पसार जन्य कार्य भैरहेको छ भने सूचनाको आधारमा आइतबार राति १०:०० बजेको समयमा पुगेको प्रहरीले होटलका मेनेजरसहित ३ जनालाई पक्राउ गरेको हो ।

प्रहरीले वीरगंज महानगरपालिकाको वडा नं.८ घर भई रानीपोखरी होटलमा मेनेजरको काम गर्ने ५४ बर्षिय अनिल कुमार अरोडा,जिल्ला महोत्तरी गौशाला नगरपालिका वडा नं.११ घर भई रानीपोखरी होटलमा वेटरको काम गर्ने ३७ बर्षिय रमेश कुमार श्रेष्ठ र जिल्ला लम्जुङ राईनास नगरपालिकाको वडा नं.४ बस्ने ३२ बर्षिय डोलनाथ कट्टेललाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार होटलमा कानून बमोजिम चेकजाँच गर्दा होटलको १०८ नं. कोठामा बारा घर बताउने २५ वर्षको महिला र पक्राउ परेका डोलनाथ कट्टेल आपतिजनक अवस्थामा फेला परेका थिए । उक्त महिलालाई प्रारम्भिक

बाँकी तेश्रो पृष्ठमा

## ओमशिवशक्ति वचत तथा ऋण सहकारी संस्था वीरगंज पर्साको १४ औं वार्षिक साधारणसभा एक भव्य समारोहका बीच सम्पन्न

**वीरगंज २७ पुस ।**

**ओमशिवशक्ति वचत तथा ऋण सहकारी संस्था वीरगंज पर्साको १४ औं वार्षिक साधारणसभा एक भव्य समारोहका बीच सम्पन्न भएको छ ।**

**वीरगंजको होटल भिस्वामा आयोजित साधारणसभाको उदघाटन गर्नु हुदै अन्नपूर्ण भेजिटेबल ईन्ड ( त्रिवेणी ग्रुप)का संचालक प्रभु दयाल कन्दोईले छोटो समयमै यस संस्थाले राम्रो प्रगति गरेको र आउने दिनमा पनि अझै प्रगति गरोस भनी शुभकामना मनतव्य व्यक्त गरेका थिए ।**

**सहकारीको मुल्य मान्यता र सिद्धान्त अनुसार संस्थाका सञ्चालक समिति र सम्पूर्ण शेयरधनीहरु एकजुट भई कडा मेहनतका साथ काम गरेकोले यो अवस्थामा पुगेको भन्दै प्रमुख अतिथि कन्दोईले संस्थालाई आ` नो तर्फबाट हुन सक्ने सहयोगहरु गर्ने प्रगितबद्धा समेत जनाएका थिए ।**





**संस्थाका अध्यक्ष कलिस्टर साह कानुको सभापतित्वमा भएको कार्यक्रममा निवर्तमान नेपाल केन्द्रीय बार एसोसिएसनका उपाध्यक्ष रामचन्द्र सिंह राजपुत, बाराको महागढीमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महम्मद शेरे मुस्तुफा, मधेश प्रदेश सहकारी विभाग कार्यालय शाखा अधिकृत ओम नारायण झा, नेपाल बुद्धिजिवी परिषद् मधेश प्रदेशका अध्यक्ष एवं जय गणेश साकोसका बरिष्ठ सल्लाहकार शम्भु प्रसाद गुप्ता, समाजसेवी शिवशंकर पटेल, सिएमसी पर्साका अध्यक्ष एवं श्री निधि साकोसका प्रमुख कार्यकारी अधिकृत चन्देश्वर चौरसिया, राष्ट्रिय सहकारी बैंक लि. वीरगंजका प्रबन्धक संजय कुमार महतो, जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडका महासचिव जिष्णु बराल लगायतकाले संस्थाको उत्तरोत्तर प्रगति एवं सफलताको शुभकामना व्यक्त गरेका थिए ।**

**सो अवसरमा संस्थाका संचालक अध्यक्ष कलिष्टर साह कानुले यस आवमा संस्थाको शेयर पूँजी २ करोड ११ लाख ६२ हजार ८ सय, निक्षेप एकत्तीस करोड एकानब्बे लाख दुई हजार दुई सय १३ रुपैया छ पैसा, ऋण लगानी ३० करोड ६५ लाख ७६**

बाँकी तेश्रो पृष्ठमा

## लोसपा मधेश प्रदेशको संसदीय दलको नेतामा शर्मा सर्वसम्मत



काठमाडौं, पुस २७ गते ।

लोकतान्त्रिक समाजवादी पार्टी मधेश प्रदेशको संसदीय दलको नेतामा अभिराम शर्मा सर्वसम्मत चुनिएका छन् ।

बुधबार केन्द्रीय अध्यक्ष महन्थ ठाकुरको उपस्थितिमा काठमाडौंमा भएको छलफलले दलको नेता टुंगो

बाँकी तेश्रो पृष्ठमा



ज्योती जागरण

दैनिकको लागि

प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा

कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)

अतिथी सम्पादक : कृष्णा कुशवाहा

विशेष प्रतिनिधी : मुस्तुफा आलम

कानूनी सल्लाहकार : पन्नालाल गुप्ता

कार्यालय : वीरगञ्ज-१३ राधेमाई,

इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# प्रचण्डलाई सुशासनको चुनौती

**सम्झना वाग्ले भट्टराई**

अनिश्चय र तरल राजनीतिक वातावरणबीच माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले तेस्रो पटक सत्ताको बागडोर सम्हाल्ने अवसर पाएका छन्। प्रधानमन्त्री बन्ने-बनाउने क्रममा पर्दापछाडि केकस्ता चालबाजी भए बिस्तारै खुल्दै जालान् तर राजनीतिमा सामान्य चासो राख्ने जोकोहीले पनि पूर्वानुमान गर्नै नसकिने राजनीतिक घटनाक्रमहरूको विकास भयो।

नेपाली राजनीतिले फेरि सबैलाई चकित बनायो। यसपालिको प्रधानमन्त्री चयनको परिदृश्यले राजनीतिमा विद्यमान अविश्वास र धोकाधडीको अवस्था देखाउँछ। नेपाली राजनीतिमा यी विकृत अभ्यासहरू कहिलेसम्म रहलान्, पूर्वानुमान गर्न सकिने विषय रहेन।

सिद्धान्त र दर्शनका आधारमा दलहरूबीच सहकार्य वा बेमेल हुँदैन। गठबन्धन बन्ने र भत्कने आधार व्यक्तिगत, गुटगत वा दलगत स्वार्थ र कुण्ठामा सीमित देखिए। त्यसैले विगत वा वर्तमानका कुनै पनि गठबन्धनलाई प्राकृतिक वा अप्राकृतिक भन्नुको अर्थ रहेन।

राष्ट्रिय र अन्तर्राष्ट्रिय परिघटनाले गर्दा विषम आर्थिक परिस्थितिमा निर्वाचन भई नयाँ सरकार गठन भएको छ। यस पृष्ठभूमिमा नेपाली अर्थ-राजनीतिमा देखिएका गम्भीर समस्याको समाधान भने तत्काल खोज्नैपर्छ र हाललाई यसको प्रमुख कार्यभार प्रधानमन्त्री प्रचण्डको हुन्छ। यो आर्थिक वर्षमा कुल राजस्व संकलन ३ खर्ब ४४ अर्ब र चालु खर्च ३ खर्ब ७७ अर्ब रुपैयाँ छ।

यस अवधिमा पुँजीगततर्फ ३९ अर्ब ६१ करोड तथा वित्तीय व्यवस्थातर्फ ५५ अर्ब २२ करोड रुपैयाँ खर्च भएको छ। राजस्वले चालु खर्च पनि धान्न नसक्ने अवस्था आउनुले अर्थतन्त्र दुर्घटनाको सन्निकट भएको देखिन्छ।

त्यस्तै, अर्को ठूलो समस्या हो– व्यापार घाटा। आर्थिक वर्ष २०७८/७९ मा १९ खर्ब २० अर्ब रुपैयाँको आयात हुँदा २ खर्ब रुपैयाँको निर्यात भएको थियो। यस हिसाबले गत वर्षको व्यापार घाटा १७ खर्ब २० अर्ब रुपैयाँको देखिन्छ। त्यस्तै, चालु आर्थिक वर्षको पहिलो चार महिनामा कुल आयात ५ खर्ब ३२ अर्ब ६९ करोड र निर्यात ५४ अर्ब ७७ करोड भई व्यापार घाटा ४ खर्ब ७७ अर्ब ९१ करोड रुपैयाँ देखिन्छ। यस्तै हो भने यस वर्षको व्यापार घाटा अझ भयावह हुन सक्छ।

यसका अतिरिक्त, अमेरिकी डलरको सञ्चिति घट्नु, अति आवश्यक खाद्यान्नको आयात अकासिनु, मूल्यवृद्धि उच्च हुनु, राजस्व चुहावट बढ्नु, आर्थिक क्रियाकलापमा अनौपचारिक क्षेत्रको हिस्सा उल्लेख्य रहनुजस्ता अनगिन्ती समस्या छन्। रोजगारीको अभावले युवाशक्ति बिदेसिनुपर्ने बाध्यता तत्काललाई सामान्यजस्तो देखिए पनि दीर्घकालमा यसले ठूलो असर पार्ने निश्चित छ। कोभिड महामारीले शिथिल बनाएको विश्व अर्थतन्त्रलाई रुस-युक्रेन युद्धले झनै जटिल मोडमा पुर्‍याएको छ। यी समस्याले अर्थतन्त्र मात्र होइन, आम मानिसको दैनन्दिन पनि जटिल बन्दै गएको छ।

सुशासनको अवस्था पनि भयावह छ। 'करप्सन पर्सेप्सन इन्डेक्स-२०२१' का अनुसार, १८० देशमध्ये सुशासनको मामिलामा नेपाल ११७ औंमा छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आर्थिक वर्ष २०७८/७९ मा १६ हजार २ सय ३८ र चालु वर्षको यस अवधिसम्म ७ हजार ३ सय २३ उजुरी परेका छन्। त्यस्तै, महालेखापरीक्षकको पछिल्लो प्रतिवेदन अनुसार गत वर्षको बेरुजु १ खर्ब १५ अर्ब ५ करोड र हालसम्म कुल बेरुजु ४ खर्ब ८३ अर्ब ६० करोड रुपैयाँ रहेको छ। सो प्रतिवेदनले आर्थिक सुशासनको अवस्था कमजोर रहेको र वित्तीय जवाफदेहीको अवस्था उत्साहप्रद नरहेको उल्लेख गरेको छ। नीतिगत भ्रष्टाचार झनै मौलाएको छ। यसले आम जनतामा निराशा र सरकारप्रति अविश्वास बढाएको छ।

व्यापार घाटा न्यूनीकरणको एक मात्र उपाय उत्पादन बढाएर आयात प्रतिस्थापन तथा निर्यात वृद्धि नै हो। आयातको ठूलो हिस्सा पेट्रोलियम पदार्थले ओगटेको छ। यसलाई कम गर्न विद्युतीय सवारीसहित अन्य विद्युतीय उपकरणको प्रयोग बढाउनुपर्छ। त्यस्तै, कृषि उत्पादन वृद्धि गर्न विशेष कार्यक्रम ल्याउनैपर्छ।

राजस्व वृद्धिका लागि नीतिगत सुधार गर्नु, अनावश्यक प्रशासनिक खर्चहरू घटाउनु तथा मन्त्रिपरिषद् चुस्त बनाउनु आवश्यक छ। सुशासनका लागि भ्रष्टाचार र अनियमितताविरुद्ध निरपेक्ष कठोर हुनैपर्छ।

संघीयता, समानुपातिक निर्वाचन तथा समावेशी लोकतन्त्रको अभ्यासलाई बदनाम गर्ने गरी प्रचार गर्ने क्रम बढ्दो छ। अहिलेका सत्ता साझेदार दलहरू संघीयताविरोधीदेखि राजतन्त्रका हिमायतीसम्म छन्। उनीहरूसँगको सहकार्यमा संघीयता, समानुपातिक निर्वाचन तथा समावेशी लोकतन्त्रलाई अझ मजबुत बनाउनु प्रचण्डका लागि ठूलो चुनौतीका रूपमा देखा परेको छ। यसको उत्तर कुराबाट होइन, कुशल व्यवस्थापनबाटै दिनुपर्छ।

संघीयताले प्रतिफल दिन नसकेको, अतिरिक्त व्ययभार बढाएको जस्ता

बाँकी तेश्रो पृष्ठमा

# त्यो रापताप, यो स्खलन

**किशोर नेपाल**

सरकार र माओवादीबीच बृहत् शान्ति सम्झौता भएपछि नेपालको परम्परागत राजनीतिमा आउने परिवर्तनलाई लिएर देशका बुद्धिजीवीहरू निकै आशावादी थिए। त्यति बेला बृहत् शान्ति सम्झौताले ल्याउन सक्ने 'सकारात्मक' परिवर्तनबारे प्रश्न गर्दा राजनीतिक चिन्तक प्रदीप गिरिचाहिँ त्यति आशावादी देखिनुभएको थिएन। उहाँको विचारमा संसारमा विकसित हुँदै गइरहेको नयाँ सभ्यतालाई मानिसको विचार र ज्ञानले होइन, 'लिंग र उदर' ले निर्देशित गरेको छ। विश्वका 'विकसित' समाजतिर लिंग र उदरको चाप अलि कम होला तर अविकसित समाजका मानिसहरूको चिन्ता लिंग र उदरको परिपोषणमा अल्झिएको छ। गिरिको यो व्याख्याको अन्तरंग पाटो बुझ्न कठिन थिएन। तर, त्यस्तो पाटो बुझिरहने धैर्य भने कसैमा थिएन।

सत्य हो, भाले-पोथी दुवै थरी मानिसको चिन्ता लैंगिक सन्तुष्टि र उदरको प्रसन्नतामा केन्द्रित छ। नेपाली समाजमा दिनहुँ देखिने असन्तुष्टि, पीप भरिएर पनि फुट्न नसकी कचल्टिएको घाउजस्तो निरन्तरको राजनीतिक विद्रोह र त्यसको उपसंहारका रूपमा उल्लेख गरिने समानता लगायतका आदि-इत्यादि कुराहरूको छिनोफानो पछि नै होला।

अहिलेका लागि लिंगोदर सभ्यताको बिनासर्त अनुगमन नै एक मात्र बाटो हो भन्नेमा प्रायः सबै घागडान राजनीतिज्ञहरू ढुक्क देखिएका छन्। उनीहरूमा कुनै द्विविधा देखिएको छैन। अहिले नेपाली समाज त्यस्तो अवस्थामा पुगेको छ जसको भविष्य धमिलो बादलले छोपिएको छ।

समाजको गतिमा कुनै सुनिश्चितता छैन। कता जाने हो भन्ने पनि थाहा छैन। किन जाने हो भन्ने पनि ज्ञान छैन। यो सत्य हो, सात-आठ दशकपहिले यो देशमा विकासका केही रेखा कोरिएका थिए। ती रेखाका केही किरमिर धर्सा वा डोबहरू अहिले पनि देशका उपत्यका, हिमाल, पहाड र मधेशतिर देखिन छाडेका छैनन्। विकासका ती रेखाहरू सय वर्ष ननाघेका भए पनि पुराना पक्कै हुन्।

अहिलेका मानिसहरूले आफ्नो बाँच्ने मूल आधार र त्यसका लागि चाहिने आवश्यक वातावरण दुवै बिर्सिएका छन्। देशबाट राणाशाहीको उन्मूलनपछि सुरु भएको लोकतान्त्रिक राजनीति पहिलो चरणमै प्रतिगमनको बाटामा लागेको थियो। त्यस बेलादेखि नै नेपाली राजनीति लोकतन्त्र र प्रतिगमनको लुकामारीमा छ। देशको अर्थशास्त्रले नीति-वचन र व्यवहार दुवैको उपेक्षा गरेको छ।

मानिसहरू लिंगोदर सभ्यताको झिलिमिलीमा रमाएका छन्। पाटी, पौवा, सडक, चौतारो सबैतिर रमाइलो छरिएको छ। मानिसहरू सधैं जात्राको मनस्थितिमा देखिएका छन्। उनीहरूको चाहना छ- जात्रा कहिल्यै नटुंगियोस्। यो साँझ मदमस्त भई नाच्न पाइयोस्। जीवनमा दिनहुँ आउने नियमित त्रासदीको सामना गर्नु नपरोस्।

देशको आमूल परिवर्तनका लागि संसदीय बाटो साँघुरो भएको ठहर गरेर त्यसविरुद्ध जनयुद्ध गर्नुपर्ने निष्कर्षमा पुगेका थिए पुष्पकमल दाहाल 'प्रचण्ड'। तत्काल उनी जनयुद्धको संयोजनका लागि जंगल पसेका थिए।

माओवादीका सुप्रिम कमान्डरका रूपमा प्रचण्डले दिव्य बाह्र वर्षसम्म देशको आमूल परिवर्तनका लागि 'अडान' लिएका थिए, जसलाई माओवादीका नेता-कार्यकर्ता 'चट्टानी अडान' भन्ने गर्थे। यति बेला, संघीय गणतन्त्र नेपालमा दोस्रो राष्ट्रिय चुनावको समाप्तिसँगै प्रचण्ड तेस्रो पटक प्रधानमन्त्री बनेका छन्। अघिल्ला दुई पटक प्रधानमन्त्री हुँदा उनले के गरे ? 'मीनमेख' निकाल्ने बेला यो होइन, तर एउटा कुरा सत्य हो, 'निमेसिस' का रूपमा स्थापित भएका एमाले अध्यक्ष केपी ओलीको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डको 'चट्टानी अडान' गर्ल्यामगुर्लुम ढलेको छ। प्रचण्डको चट्टानी अडानको भेउ राजा वीरेन्द्रले पनि पाउन सकेनछन्। बित्थामा जनता खोचेमा परेछन्।

प्रचण्ड नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको कोक्रोबाट उछिट्टिएर एमाले अध्यक्ष ओलीको कोक्रोमा पुगेका हुन्। देउवा होऊन् अथवा ओली, अथवा प्रचण्ड नै किन नहोऊन्, जो भए पनि, सबै पात्रको मूल प्रवृत्ति एउटै देखियो विगत दुई दशकमा।

झन् अहिले त प्रचण्डले पहिरनको पहिलो अनुभवका रूपमा भर्खरै सेतो रंगका मयलपोस सुरुवाल लगाएका छन्। बिचरा अध्यक्ष कामरेडले हेक्का राख्न सकेनन्, नेपालको शाही शासक वर्ग घीउ रंगका लबेदा-सुरुवालसँग रमाउने भएकाले सेतोको संवैधानिक हैसियत अरूको भन्दा कम हुन्छ। सरकारी कर्मचारी रहिसकेका मेरा केही जानिफकार मित्रहरूका अनुसार, गणतन्त्र नेपालभन्दा पहिलेको राज्य व्यवस्थामा सेता दौरा-सुरुवालको हैसियत राजपत्रांकित तेस्रो दर्जाका कर्मचारीसँग जोडिएको हुन्थ्यो। तर, त्यसो भन्दैमा न प्रचण्डले लगाएका सेता दौरा-सुरुवालको हैसियत खुम्च्याउन मिल्छ, न त उनले धारण गरेको प्रधानमन्त्री पदको अवमूल्यन गर्न नै।

प्रचण्ड देउवाको कोक्रोबाट एकाएक छलाङ मारेर ओलीको कोक्रोमा पुगेपछि कांग्रेस, एमाले र माओवादी पार्टीमा एकै प्रकारका 'जातीय' प्रतिक्रियाहरू उत्पन्न भएका छन्। यी सबैमा सबभन्दा सरस एमाले अध्यक्ष ओलीको भनाइ छ। उनका भनाइहरू नबुझिने पनि छैनन् र उनीबाहेक अरूले व्याख्या गर्न मिल्ने खालका पनि छैनन्।

ओलीको कुरा स्पष्ट छ– एमालेका सर्वोच्च नेता ओलीले माओवादीका सर्वोच्च नेता प्रचण्डलाई प्रधानमन्त्री बनाएर उनको राजनीतिक जीवन अक्षुण्ण बनाइदिएका छन्। अब रायमाझी कम्युनिस्टदेखि प्रचण्ड कम्युनिस्टसम्म नेपालका सर्वहारा कम्युनिस्ट सबै एक भएका छन्। यो घटनापछि, संसारभरि हल्ला मच्चाउन सफल भएको गिरिजाप्रसाद कोइराला नेतृत्वको नेपाल सरकार र माओवादी विद्रोहीबीचको, बृहत् शान्ति सम्झौताको निरर्थकता पनि साबित भएको छ। त्यसलाई प्रचण्ड स्वयंले साबित गरेपछि ओली र एमाले दुवैको कुनै गुनासो बाँकी रहने अब ठाउँ छैन। कम्युनिस्टविरोधीहरू डाचामा बसेर भोद्काको स्वाद लिइरहेका कामरेड ब्रेझनेभको फोटो देखाउँदै भन्ने गर्छन्– कम्युनिस्टहरूका लागि सरकार भनेको ऐश-आराम, मोज-मज्जा र मनोरञ्जन गर्ने डाचा मात्रै हो। नेपालका कम्युनिस्टहरूमा ऐश-आरामको 'हवस' निकै चर्को छ। कम्युनिस्टहरूमा मात्रै होइन, यो हवस कांग्रेसीहरूमा पनि उत्तिकै 'उष्ण' छ। अहिलेका अधिकांश दिग्गज र शीर्षस्थानमा रहेका कांग्रेसी नेताहरू 'रोमान्टिक' रहेको चर्चा कहिले पनि सेलाएको छैन।

बालुवाटारमा रहेको देउवा शिविरबाट प्रचण्डको पलायनपछि पक्ष र प्रतिपक्षमा बाँडिएको कांग्रेसमा हाहाकार उत्पन्न भएको छ। संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्र अन्तर्गत पहिलो प्रधानमन्त्री बनेका गिरिजाप्रसाद आफ्नै पार्टीको बहुमतको सरकार चलाउन असफल भएपछि सरकार चलाउने पालो आयो देउवाको। उनले एमाले अध्यक्ष मनमोहन अधिकारी नेतृत्वको सरकार विस्थापन गर्न राप्रपालाई साथ लिएर कांग्रेस-राप्रपा गठबन्धन बनाए। स्मरणीय छ, अहिले एमाले अध्यक्ष ओलीले पनि राप्रपासँग सैद्धान्तिक सहमति लिएर प्रचण्डका लागि गठबन्धन बनाएका छन्। इतिहास दोहोरिएको छ।

बाँकी तेश्रो पृष्ठमा

# किन कार्यान्वयन हुँदैन नीति ?

**गोपीनाथ मैनाली**

नीति कार्यक्रमको कार्यान्वयन कमजोरीले सरकारको प्रभावकारिता घटाउँदै आएको छ।

राष्ट्रिय नीति तथा योजनाहरू कार्यान्वयन भएनन्। कार्यान्वयनमा गएका नीति योजना पनि लक्षित वर्गसम्म नीति लाभ दिन असमर्थ्य भए। नीति तथा योजनाहरूबीचका सबालहरू बारम्बार उठ्ने गरेका छन्।

सरकारले जारी गर्ने नीति र निर्णयहरू तथ्यमा आधारित भएनन्, तिनले सर्वसाधारणका आवश्यकतालाई सम्बोधन गरेनन् भन्ने आरोप पनि सरकारले खेप्दै आएको छ। नीति कार्यक्रमको कार्यान्वयन कमजोरीले सरकारको प्रभावकारिता घटाउँदै आएको छ भने राष्ट्रिय साधन स्रोतले सार्थकता पाएको छैन। यसको प्रमुख कारणमध्ये एक अनुगमन तथा मूल्यांकनले पाउनुपर्ने प्राथमिकता नपाई यो औपचारिक बन्दै जानु हो।

नेपालमा योजनाबद्ध विकासको सुरुवातदेखि नै कार्यक्रम कार्यान्वयनको प्रभावकारिता प्रवर्द्धन र आगामी योजनाका लागि शिक्षा लिनका लागि अनुगमन तथा मूल्यांकन कार्यलाई अपनाइँदै आएको पाइन्छ। यसका विधि तथा संयन्त्र फरक रहे पनि समयक्रममा तिनलाई परिमार्जन पनि गरिँदै लगिएको छ।

तर अहिलेसम्म पनि अनुगमन तथा मूल्यांकन कार्यलाई यसका पात्रहरूले आन्तरिकीकरण गर्न सकेका छैनन्। निकाय र पात्रहरूबीच कार्यात्मक सहसम्बन्ध र सूचना प्रवाहको स्वचालित प्रणाली अहिलेसम्म पनि स्थापित छैन। अनुगमन मूल्यांकन वास्तविक रूपमा आयोजना व्यवस्थापनको अंग बनिसकेको छैन। त्यसैले भएका प्रयासहरू प्रणालीबद्धभन्दा पनि पटके देखिएका छन्।

अनुगमन तथा मूल्यांकनको कार्य नितान्त प्राविधिक चरित्रको हुन्छ। अनुगमनले कार्यान्वयनमा परेका वाधा व्यवधान हटाउन सक्नुपर्छ भने मूल्यांकनले नीति योजनाको प्रभावकारिताका लागि शिक्षा दिन सक्नुपर्छ। तर यी कार्यमा संलग्न हुने पदाधिकारीहरूको क्षमता र सशक्तीकरणको स्तर कमजोर छ। सीप तथा क्षमता प्राप्त कर्मचारीहरूको अदलाबदली पनि छिटोछिटो हुने गरेको छ। व्यवस्थापनभित्र जसले पनि अनुगमन गर्न सक्छ भन्ने बुझाइ विकास भई यही अनुकूलको व्यवहार संस्थागत भइसकेको छ। अनुगमनलाई सहजीकरणभन्दा पनि अवलोकन र नियन्त्रणका रूपमा बुझिनु पनि अर्को कमजारी हो। अनुगमन तथा मूल्यांकन निरन्तरको प्रक्रिया हो, कार्यक्रम व्यवस्थापनको अभिन्न अंग हो। तर यसरी बुझिएको छैन। मन्त्रालयहरूमा रहेका अनुगमन संयन्त्रहरू ज्ञान व्यवस्थापनमा निकै कमजोर छन्, तथ्यांक सञ्चार प्रणाली नबसेकोले सशक्तीकृत छैनन्। निकायहरूमा जडान भएका सूचना प्रणालीहरू खण्डीकृत छन्।

यी संयन्त्रले मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति र प्रधानमन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय विकास समस्या समाधान समितिको व्यावसायिक संयन्त्रको रूपमा काम गर्नुपर्छ। तर मन्त्रालयहरूमा रहेका अनुगमन शाखामा काम गर्न चाहने कर्मचारीको संख्या बहुतै कम छ, प्रायश: कार्यक्रम सञ्चालन तहमा काम गर्ने मनोविज्ञान उनीहरूमा रहन्छ। रहेकाहरूमा कार्यतत्परता र अभिरुचिको स्तर कमजोर देखिन्छ।

मन्त्रालय तथा निकायहरूमा अनुगमनले प्राथमिकता नपाउँदा वार्षिक विकास कार्यक्रमहरू समयमा कार्यान्वयन भएका छैनन्, राष्ट्रिय गौरवका र रूपान्तरणकारी आयोजनाहरूको कार्यान्वयन स्तर कमजोर छ।

मन्त्रालयहरू स्वयंले कार्यान्वयन प्रतिबद्धता जनाएर प्रस्ताव गरेका कार्यक्रमहरूमा पनि लक्ष्यभन्दा परै छन्। बजेट तथा कार्यक्रममार्फत घोषणा भएका नीतिहरू अनुगमन हुन सकेका छैनन्। राष्ट्रिय प्रणालीभन्दा बाहिर रहेर विकास साझेदार तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत गरिएको खर्चको जवाफदेहिता यकिन भएको छैन। शासकीय तहहरूबीचको कार्यक्रममा दोहोरोपन सामान्य जस्तै हुन गएको छ। नागरिकका दैनिकीलाई सम्बोधन गर्ने सेवाहरू कसरी व्यवस्थापन भएको छ भनेर समीक्षा गर्ने प्रणाली क्रियाशील छैन।

अनुगमनले कार्यान्वयनमा परेका वाधा व्यवधान हटाउन सक्नुपर्छ भने मूल्यांकनले नीति योजनाको प्रभावकारिताका लागि शिक्षा दिन सक्नुपर्छ।

यसै पनि विकास व्यवस्थापनमा अनुगमन मूल्यांकन महत्त्वपूर्ण हुन्छ। स्रोतसाधन न्यून भएको र योजना अनुशासन नबसिसकेको नेपालजस्तो मुलुकका लागि यसको महत्त्व अरू बढी देखिन्छ।

अनुगमन मूल्यांकन प्रणालीलाई सबल बनाउने सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको योजना निकायहरूमा ज्ञान (तथ्यांक) को आधार मजबुत बनाउनु हो। व्यवस्थापन सूचना प्रणाली, कार्यमूलक अनुसन्धान र अध्ययनबाट प्राप्त सूचनाले नै अनुगमनका आधार दिन्छ। निकायहरूमा जडान गरिएका सिस्टम सफ्टवेयरमार्फत महत्त्वपूर्ण जानकारी व्यवस्थापन गरी ज्ञान आधार निर्माण गर्न सकिन्छ।

विकास आयोजनालाई नतिजामूलक आधारमा कार्यान्वयन गर्न साधन विनियोजन, प्राथमिकीकरण, कार्यक्रम स्वीकृति र कार्यान्वयनका मापदण्डहरू निर्धारण गरिनु पर्छ, नतिजामूलक अनुगमन सूचकले त्यसपछि मात्र कार्य गर्न सक्छ।

अनुगमन तथा मूल्यांकन महाशाखा, शाखाहरूको क्षमता विकास र सबलीकरण भएपछि मात्र अनुगमन

बाँकी तेश्रो पृष्ठमा

## किन....

मूल्यांकनलाई संस्थागत गर्न सकिन्छ। अर्को महत्त्वपूर्ण विषय अनुगमन तथा मूल्यांकनबाट दिइएका निर्देशनहरू अनिवार्य रूपमा पालन गर्नुपर्ने कानुनी आधार स्थापना गर्नुपर्ने आवश्यकता छ। केही वर्षअघि मस्यौदा भई संसद्मा विचाराधीन अनुगमन तथा मूल्यांकन विधेयक पारित भएमा कानुनी अभाव पूरा हुनेछ। तर यसमा गरिएका व्यवस्था मात्र पर्याप्त भने छैनन्।

मौजुदा अवस्थामा धेरै संयन्त्रहरू अनुगमन तथा मूल्यांकनमा संलग्न छन्, परिणामतः धेरैको जिम्मेवारी कसैको पनि होइन भन्ने भएको छ।

जस्तो वित्तीय पक्षमा अर्थ मन्त्रालय, भौतिक उपलब्धिमा विषयगत मन्त्रालय, सरोकारवाला, तेस्रो पक्ष अनुगमन संयन्त्र, विकास साझेदार, विकास समस्या समाधान समितिहरू, राष्ट्रिय योजना आयोग आदि। जिम्मेवारी जहाँसुकै छरिए पनि राष्ट्रिय अनुगमन प्रणालीको नेतृत्व राष्ट्रिय योजना आयोगको हो।

तर कार्यक्रम वा आयोजनाबाट उत्पादन हुने नतिजाका तहहरू अनुसार अनुगमन मूल्यांकनको भूमिका निर्धारण गर्नुपर्ने हुन्छ। जस्तो कि साधन (इन्पुट) तहको (वित्त, लजिस्टिक, कर्मचारी आदि) अनुगमन क्रियाकलाप सञ्चालनको समयमा निरन्तर गर्नुपर्ने भएकाले यसको जिम्मेवारी कार्य सञ्चालन निकायको हो। क्रियाकलाप तहको निरन्तर गरिनुपर्ने अनुगमनमा पनि कार्य सञ्चालन निकाय नै जिम्मेवार हुनुपर्छ।

तर प्रतिफल (तत्काल देखिने नतिजा) तहको अनुगमन तालुक मन्त्रालयबाट गर्नु आवश्यक छ। मध्यम अवधिमा देखिने असर र केही वर्षपछि देखिने प्रभावको मूल्यांकन राष्ट्रिय योजना आयोगले गर्नुपर्छ।

राष्ट्रिय विकास समस्या समाधान समिति तथा मन्त्रालयस्तरीय समस्या समाधान समितिले कार्यक्रमका समीक्षा गरी समन्वय र सहजकारी भूमिका लिनुपर्छ।

नीति तथा लक्ष्यको मूल्यांकन राष्ट्रिय योजना आयोगको नेतृत्वमा अर्थ मन्त्रालयसमेतको संलग्नतामा हुनुपर्छ। रूपान्तरणकारी र राष्ट्रिय गौरवका आयोजनाको सघन अनुगमन तथा मूल्यांकन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नेतृत्वमा गर्नु उपयुक्त हुन्छ। अरू गैससबाट सञ्चालित कार्यक्रमको महिला ज्येष्ठ नागरिक तथा समाजकल्याण मन्त्रालयबाट व्यवस्थित अनुगमन गरी राष्ट्रिय योजना आयोगमा नियमित प्रतिवेदन लिने प्रणालीको विकास गर्नु आवश्यक छ।

साथै प्रदेश तहमा प्रदेश समन्वय परिषद् एवं प्रदेश तहका योजना संयन्त्रले नियमित रूपमा प्रगति समीक्षा गरी सोको निस्कर्ष सहितको सूचना प्रवाह नियमित रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा हुने व्यवस्था आवश्यक छ।

राजनैतिक तथा कार्यक्रम तहको समन्वय गर्ने अन्तरप्रदेश परिषद् र राष्ट्रिय समन्वय परिषद्को सचिवालयको काम पनि यही कार्यालयमा भएकोले यसो गर्नु उपयुक्त हुन्छ। तर तहगत सरकारको योजना तथा अनुगमन प्रणाली निर्माण भने राष्ट्रिय योजना आयोगले गर्नुपर्छ।

कानुनी एवं सैद्धान्तिक आधारमा पनि यो काम आयोगकै हो। आयोग टेक्नोपोलिटिकल संयन्त्र भएकोले यो भूमिकामा आक्रामक हुनु व्यावसायिक दायित्व पनि हो।

विकास व्यवस्थापनमा स्वयं लाभग्राही संलग्न भएर गरिने नागरिक विवेचना पद्धतिको माग पनि बढ्दै गएको छ। नागरिकहरू विकासका उपभोक्ता मात्र होइनन्, साझेदार र मूल्यसर्जक पनि हुन भन्ने भावनालाई यसले बढावा दिन्छ भने सार्वजनिक निकायहरूलाई जवाफदेही बनाउने गर्छ।

कतिपय लोकतान्त्रिक मुलुकमा सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, विद्युतीय छलफल, नागरिक अन्तरक्रियालगायतका नाममा यस्ता विधिहरू अवलम्बन गरिन्छन्। नेपालमा उपभोक्ता समितिबाट सञ्चालन गरिने स्थानीय स्तरका आयोजना मात्र सामाजिक परीक्षण हुन्छ, ठूला आयोजनाका लागि जग्गा प्राप्ति गर्दा र वातावरण प्रभाव मूल्यांकनमा मात्र सार्वजनिक सुनुवाइको प्रचलन छ। यसलाई विस्तार गर्ने नीति संरचना र कार्यसंस्कृति निर्माण भएमा यसले राज्य र नागरिकबीच विश्वास र कार्यमा वैधता स्थापित गर्न सक्ने थियो।**साभार अन्नपूर्णपोष्ट्**

## प्रचण्डलाई........

विषयको अतिरञ्जित प्रचार भएका छन्। संघीयता कार्यान्वयनमा भएका समस्या र यसका उपलब्धिबारे गम्भीर अध्ययन हुन सकेका छैनन्। त्यस्तै, समानुपातिक निर्वाचन र समावेशी व्यवस्थाले ल्याएका सकारात्मक परिणाम र यसको कार्यान्वयनमा गर्नुपर्ने सुधार सम्बन्धमा विविध कोणबाट अध्ययन हुनु पनि जरुरी छ।

जनतासँग प्रत्यक्ष जोडिएका गुणस्तरीय शिक्षा तथा सुलभ स्वास्थ्य सेवा जस्ता विषयका लागि प्रधानमन्त्रीले विशेष पहल लिनुपर्छ।

राजनीतिमा ठूलो बदलाव नआए प्रचण्ड आगामी दुई वर्ष प्रधानमन्त्री रहनेछन्। राजनीति र सत्ता संघर्षमा देखिएका समस्यासँग प्रचण्ड परिचित छन् र समाधानका विकल्प पनि दिन सक्लान्।

तर अर्थतन्त्र, सुशासनजस्ता क्षेत्रका अनेकन् समस्याको समाधानका लागि उनको प्रतिबद्धता मात्रले पुग्दैन। यसका लागि सम्बन्धित विज्ञहरूको सहयोग आवश्यक पर्छ। र, यस्ता विज्ञ छनोटमा उनी होसियार हुनैपर्छ।

अन्त्यमा, माओवादी शान्ति प्रक्रियामा आएपछि प्रचण्ड नेपाली राजनीतिको 'किङमेकर' का रूपमा छन्। पटकपटक प्रधानमन्त्री भए; अरू धेरै नेतालाई प्रधानमन्त्री, मन्त्री लगायत विभिन्न

## त्यो..

देउवा नेतृत्वको तत्कालीन गठबन्धन सरकारको उपलब्धि वा योगदान थियो- महाकाली सन्धि। त्यति बेला अहिलेका एमाले अध्यक्ष ओली महाकाली सन्धिको अनौपचारिक प्रवक्ता नै बनेका थिए। तत्कालीन भारतीय राजदूत केभी राजनसँग उनको सम्बन्ध प्रगाढ थियो। यो सन्धिका पक्षमा आएका उनका विचार र वक्तव्यले एमालेमा निकै भीषण तरंग निम्तिएको थियो। जानकारहरूका अनुसार, देउवा र ओलीबीच रहेको भनिएको कथित अन्तरंग सम्बन्धको कारण पनि महाकाली सन्धि नै थियो।

यति बेला कांग्रेसका जल्दाबल्दा युवा नेताहरू देउवाको विस्थापनका लागि होइन, विपक्षमा जुटेका छन्।

गगन थापा, विश्वप्रकाश शर्मा, चन्द्र भण्डारी, धनराज गुरुङ देउवाविरोधी नेताहरूको अग्रपंक्तिमा देखिएका छन्। तर, कांग्रेसमा नेतृत्व हस्तान्तरणको प्रक्रिया त्यति सजिलो छैन। नेतृत्व खोसेर लिने परम्परा सुरु गरेका थिए गिरिजाप्रसादले। बीपी कोइरालाको अवसानपछि पार्टीमा नेतात्रयको अवधारणाको लगभग अन्त्य भएको थियो। तर, पार्टीका अध्यक्ष कृष्णप्रसाद भट्टराईले सांकेतिक हिसाबले पार्टीमा बीपी र उहाँको विचारको संलग्नता देखाउन गिरिजाप्रसादलाई समेटेर नेतात्रयको अवधारणा कायम राख्नुभयो। गणेशमान सिंह भट्टराईको निर्णयमा सहमत हुनुहुन्थेन। तर, उहाँ मौन रहनुभयो।

यसपछि कांग्रेसमा कसरी गिरिजाप्रसादको एकाधिकार स्थापित भयो, ती तथ्यहरू लुकेका छैनन्। २०५२ सालमा गठबन्धन सरकारको रिङ नियन्त्रणमा लिँदै पार्टी नेतृत्वमा पुगेका देउवा कसरी शैलजालाई उछिनेर कांग्रेसको नेतृत्वमा स्थापित भए ? रामचन्द्र पौडेल किन र कसरी स्खलित भए ? यी घटनाक्रमसँग चन्द्र भण्डारी अनभिज्ञ छैनन्। पार्टीको विभाजन, शाही कालमा प्रधानमन्त्री, पार्टीमा फिर्ता भएपछि भूमिकाको अपेक्षा, संविधान निर्माणपछि अवसरको खोजी। देउवाका जागरुकता र जाँगर असंख्य छन्।

देउवा राजनीतिमा निर्मम छन्। उनले विमलेन्द्र निधि तथा प्रकाशमान सिंहजस्ता आफूलाई गुन लगाउने नेतालाई जसरी किनारा लगाए, त्यो आफैंमा अविश्वसनीय घटना बनेको छ। देउवाको पछि लाग्ने एनपी सावददेखि नैनसिंह महर लगायतका नेता कति बेला लोप हुनेछन्, कसैले भन्न सक्दैन। अब त्यही नियतिको सिकार हुने सम्भावना छ पूर्णबहादुर खड्काको। खड्का सहज र सरल छन्। तर कुन विन्दुमा उनी भड्किएर देउवाको रिङबाट बाहिरिने हुन्, कसैले भन्न सक्दैन।

अहिले शक्तिमा नभएको कांग्रेसको सभापति भएर पार्टी चलाउन कि देउवा समर्थ छन् कि डा. शेखर कोइराला। कांग्रेसका यी दुई नेता र केही व्यापारीबाहेक अरू कसैले पार्टी सञ्चालन नै गर्न सक्दैनन्। देउवा र कोइरालाबाहेक हम्मेसी अरू कोही कांग्रेस नेतृत्वमा पुग्न सक्ने सम्भावना पनि देखिँदैन। हुन त, नेपालको राजनीतिमा विदेशी लगानीकर्ताको चासो बर्सेनि बढ्दै आएको छ। यस्तोमा कुन लगानीकर्ताको नजर कुन नायक वा प्रतिनायकमा पर्छ र उसको भाग्य खुल्छ ? कसले भन्न सक्छ ?

तैपनि मान्नैपर्छ– हरेक कालो बादलमा चाँदीको घेरा हुन्छ। देशमा लिंगोदर सभ्यताको प्रभाव जसरी व्यापक भइरहेको छ, त्यसबाट नेपाली समाजलाई कसरी जोगाउने ? अहिलेको विकट समयमा यो नै कांग्रेस वा अरू राजनीतिक पार्टीहरूको चिन्ता हुनुपर्छ। भोकभोकै बसेर भए पनि आफ्ना आदर्श र सिद्धान्तको अनुसरण गर्ने जमाना गुज्रिइसकेको छ। सत्य हो, अहिलेका शीर्ष नेताहरूले नेपाली समाजको राजनीतिक उत्थानका लागि निकै रापताप सहेका छन् तर पछिल्लो समय एकपछि अर्का प्रभावशाली नेता सामाजिक उत्तरदायित्व र राजनीतिक भूमिकाबाट स्खलित हुँदै गएका छन्। नेपाली राजनीतिमा देखिएको यो खतरनाक प्रवृत्तिसँग जनता सतर्क हुनैपर्छ।सभार इकान्तिपुर

## मानव .....

सोधपुछ गर्दा होटलका मेनेजर अरोडा र वेटर श्रेष्ठले आफ्नो कारागारमा जेल जीवन विताइरहेको श्रीमानलाई छुटाई दिने र एक रातकै नगद रू.४ चार हजार दिलाई दिने भन्ने झुट्टा आस्वासन प्रलोभन समेत देखाई आफ्नो मन्जुरी नहुदा नहुदै मलाई वेश्यावृती गर्न वाध्य पारेको वताएकी छन्।

उनको मंजुरी विना उक्त कार्य मानव वेचविखन तथा ओसार पसार सम्बन्धिको कसूर देखिएको हुँदा उल्लेखित कार्यमा संलग्न तीनै जनालाई कानून बमोजिम नियन्त्रणमा लिई पर्सा जिल्ला अदालतबाट ५ दिन को म्याद थप अनुमति लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका पवक्ता प्रहरी नायब उपरिक्षक दिपक गिरीले जानकारी दिए।

## ओमशिवशक्ति.....

**हजार ८ सय ३० रुपैया, संस्थागत पूँजी ९२ लाख ३ हजार ५ सय ८५ रुपैया २१ पैसा, बाह्य ऋण ६ करोड ३० लाख ९६ हजार ४ सय ३६ रुपैया २२ पैसा र आयकर अघिको खुद बचत १४ लाख ३७ हजार ३ सय २९ रुपैया ४५ पैसा सफल भएको बताए। त्यसैगरी संस्थाका लेखा समिति संयोजक जिउत प्रसाद साहले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए। सो अवसरमा संस्थाले गरिब, असहाय जेहन्दार विद्यार्थी सन्ध्या कुमारी सोनार र सन्ध्या कुमारी रौनियारलाई कपि, पेन, व्याग तथा कक्षा १० सम्म छात्रवृति समेत दिईएको थियो। सोही अवसरमा विगत लामो समय देखि श्री ओमशिवशक्ति वचत तथा ऋण सहकारी संस्था लिमिटेडमा रही उत्कृष्ट कार्य गरेका बबिता कुमारी उदास र मनिषा गोलेलाई दोसल्ला र प्रमाणपत्र दिई सम्मान गरिएको थियो। सञ्चारकर्मी उज्जवल घिमिरेले सहजीकरण गर्नु भएको कार्यक्रममा नेकपा एमाले मधेश प्रदेश स्थायी कमिटि सदस्य एवं ईन्द्रेणी साकोसका अध्यक्ष उमेश गुप्ता, अन्नपूर्ण भेजिटेबल ईन्डका प्रबन्ध निर्देशक अजय कुमार अग्रवाल, जयलक्ष्मी साकोसका अध्यक्ष नग नारायण सिंह, शिवम साकोसका सचिव राजेन्द्र जैसवाल, कोहिनुस साकोसका व्यवस्थापक प्रदीप शर्मा, गृहलक्ष्मी साकोसका सह व्यवस्थापक उमेश साह, वीरगंज साकोसका दिल्ली विक्रम कार्की, स्वच्छ साकोसका व्यवस्थापक चन्द्रशेखर साह, नें स्कुनका फिल्ड कार्यालय वीरगंजका ईन्चार्ज बृजेश गुप्ता, भगवति बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष राम निवास देहाती, जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडका व्यवस्थापक राम अनुप यादव लगायत सहकारीका शेयर सदस्यहरु एवं सञ्चारकर्मीहरुको उल्लेखनिय सहभागीता रहेको थियो।**

## लोसपा......

लगाएको हो।

संसदीय दलको नेतामा जितेन्द्र सोनलको समेत दाबी रहेकोमा शर्माको नाममा सहमति जुटेको प्रदेशसभा सदस्य उपेन्द्र महतोले जानकारी दिएका छन्।

## सिर्सिया नदी......

दिएका छन्। वीरगञ्जबाट भारत प्रवेश गर्ने यो नदी भारततर्फ कुनै पनि प्रदुषित पदार्थ मिसाउने नगरीएको भए पनि नेपाल तर्फबाटै प्रदुषित भएर जाँदा भारतीयहरुले पनि सास्ति भोग्नु परेको विज्ञप्तिमा उल्लेख छ। यहाँबाट प्रदुषित भएर गएको पानीले गंगा नदी समेतलाई प्रदुषित गराएको भन्दै प्रदुषण गर्नेलाई कडाईका साथ कारबाही गरेर नियन्त्रण गर्नु पर्नेमा जोड दिइएको छ। यो नदीलाई प्रदुषण मुक्त गराउन रक्सौल नगरपरिषद वीरगञ्ज महानगरसँग हातेमालो गर्न तयार रहेको भन्दै अभियान चलाउन आग्रह गरिएको छ। वीरगञ्ज महानगरले यो नदी प्रदुषण मुक्त गराउन भन्दै अहिले नदी क्षेत्रमा रहेको उद्योगको अनुगमन जारी राखेको छ।

## दुई ......

अक्सिजनको कमी हुँदा निसास्सिएर मृत्यु भएको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ।उनका अनुसार कोइला डिपोको रेखदेख गर्ने दुबै जना सोही डिपोको एकतले पक्की भवनको अल्मुनियमको झ्यालढोका भएको कोठाभित्र झ्यालढोका बन्द गरी मंगलबार राति सुतेका थिए।

बुधबार बिहान १० बजेसम्म ढोका खोली कोही पनि बाहिर ननिस्किएपछि डिपोका अन्य कर्मचारीले प्रहरीलाई खबर गरेका थिए। प्रहरीले ढोका फोडेर भित्र प्रवेश गर्दा दुवै जनाको मृत्यु भइसकेको थियो। प्रहरीले नारायणी अस्पतालबाट चिकित्सक लिई घटनास्थलमा अनुसन्धान अधिकृतको टोली पुगी शव जाँच प्रकृति मुचुल्का उठाएको थियो।

## सरोज यादव...

गाविसको अध्यक्षमा पहिलो पटक निर्वाचित हुँदै उनी राजनीतिक यात्रा थालेका थिए। २०५९ सालसम्म उनी गाविस अध्यक्ष हुँदा लोकप्रियता कमाएका थिए।२०३० सालमा जन्मिएका उनी सिम्रौनगढ नगरपालिका-३ नयका टोला निवासी हुन्। भारतीय सीमावर्ती क्षेत्रका उनको भारत बिहारका नेतासित राम्रो सम्बन्ध छ। गाँउ आसपासमा धार्मिक, शिक्षा, सामाजिक र स्वास्थ्य क्षेत्रमा उनका परिवारले जग्गा र नगद दान गरेकाले यसक्षेत्रमा उनको परिवारको योगदान छ।धनाढ्य परिवार (जमिन्दार) का उनका स्वर्गीय पिता प्रमानन्दप्रसाद यादव पनि पञ्चायतकालमा गाउँ पञ्चायतका मुखिया हुँदै प्रजातन्त्रपछि सद्भावना पार्टीका नेता थिए।सद्भावना पार्टीका उनी महासचिव थिए।जसपा, लोसपा, सद्भावनालगायतका मधेसकेन्द्रित दल एकीकरण भएर राजपा बन्दा उनी राजपाका राष्ट्रिय उपाध्यक्ष बनेका थिए। उनले प्रवीणता प्रमाणपत्र तह (आईएससी) सम्म अध्ययन गरेका हुन्। माध्यमिक शिक्षा गाउँनजिकै सिम्रौनगढस्थित कंकाली माविबाट लिएका हुन्।२०६४ सालको पहिलो संविधानसभा सदस्यमा बारा क्षेत्र नम्बर १ बाट प्रत्यक्षतर्फ सद्भावना पार्टीबाट निर्वाचित हुँदै संसदीय यात्रा सुरु गरेका थिए।तत्कालीन मधेसी जनाधिकार फोरमका उम्मेदवार रामबाबु यादवलाई पराजित गरी उनी विजयी भएका थिए। त्यसबेला नेकपा माओवादीको सरकार थियो। पुष्पकमल दाहाल र बाबुराम भट्टराई नेतृत्वको सरकारमा सद्भावना पार्टीबाट उनी पहिलो पटक संघीय स्वास्थ्य राज्यमन्त्री र दोस्रोपटक उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री बने।२०७० मा भने फेरि यसै क्षेत्रबाट दोस्रोपटक संविधानसभा सदस्यमा उम्मेदवार बन्दा कांग्रेसका उम्मेदवारसँग पराजित भए। २०७४ मा बारा निर्वाचन क्षेत्र १ को (२) बाट प्रदेशसभा सदस्यमा तत्कालीन राजपाबाट विजयी भई मधेस प्रदेशका सभामुख बनेका थिए।पाँच वर्षसम्म सभामुखको अनुभव बटुलेका उनले २०७९ को चुनावमा सोही क्षेत्रबाट एमालेको तालमेलमा जसपाको तर्फबाट उम्मेदवार भएर विजयी भई मुख्यमन्त्री भए।साभार इकान्तिपुर

# गोरखामा पृथ्वीनारायण शाहलाई सेनाले हरेक दिन 'राष्ट्र निर्माता सलामी' दिने

गोरखा – पृथ्वीनारायण शाहको जन्मस्थल गोरखामा हरेक दिन सूर्योदय र सूर्यास्तमा नेपाली सेनाले 'राष्ट्रनिर्माता सलामी' अर्पण कार्यको थालनी गरेको छ। यसअघि तत्कालीन राजा पृथ्वीनारायण शाहको जन्मजयन्तीका दिन पुस २७ गते हुने 'राष्ट्रनिर्माता सलामी' गोरखामा भने अब हरेक दिन अर्पण गर्ने गरी सुरु गरिएको हो।नेपाल राष्ट्रको गैरवशाली इतिहास र राष्ट्रिय एकीकरण अभियानलाई जनमानसमा दीर्घकालीन रुपमा जीवन्त राख्न तथा पृथ्वीनारायण शाहको उचित सम्मान दिने उद्देश्यले सलामी कार्यक्रमको थालनी गरिएको नेपाली सेनाले जनाएको छ।सलामी अर्पण कार्यको थालनीका लागि गोरखा नगरपालिका-६ स्थित ठूलो आँगनमा पृथ्वीनारायण शाहको ७ फिट ३ इन्च उचाइको पूर्णकदलको सालिक निर्माण गरिएको छ। सालिकसँगै नेपालको नक्सा अंकित मनोग्राम र नेपालको झण्डा राखिएको छ। पृथ्वीजयन्तीको अवसरमा बुधबार सालिकको प्रधानसेनापति प्रभुराम शर्माले अनावरण गरे। सोही अवसरमा 'राष्ट्रनिर्माता सलामी' अर्पण कार्यक्रमको पनि शुभारम्भ गरिएको छ। राष्ट्रिय झण्डाको झण्डोत्तोलन र मनोग्रामको उद्घाटनसमेत सोही अवसरमा भएको छ।सालिक, मनोग्राम र नेपालको झण्डा स्थापनाका लागि २१ लाख खर्च भएको गोरखा नगरपालिकाले जनाएको छ। गोरखा नगरपालिकाको आर्थिक सहयोग र नेपाली सेनाको अगुवाइमा सालिक निर्माण सम्पन्न भएको हो।

ठूलो आँगनमा शार्दुल जंग गुल्मबाट नफ्री ११ को फौजले अब हरेक दिन ऐतिहासिक पोसाक तथा हातहतियार सजिएर दैनिक परेट प्रदर्शन गर्नेछ।

पृथ्वीनारायण शाहकालीन सेनाको झल्को दिने गरी कालो दौरसुरुवाल र परम्परागत हातहतियारमा सजिएका नेपाली सेनाले दैनिक सलामी अर्पणसँगै परेड प्रदर्शनी हुने छ। इतिहासको जगेर्ना र प्रवर्द्धन गर्ने उद्देश्यले राष्ट्रनिर्माता सलामीको अवधारणा ल्याएको नेपाली सेनाको रिपुमर्दन गणका गणपती हेमराज विष्टले बताए।'पोखरीथोक ब्यारेकबाट पुग्ने टोलिले हरेक दिन परेड प्रदर्शन र सलामी अर्पण गर्नेछ, यस कार्यको आजबाटै सुभारम्भ भयो,' उनले भने। गोरखा दरबारको पश्चिम इलाकाइबाट दुईवटा विगुलमार्फत् विजय ध्वनी बजाउने कार्यक्रम को शुभारम्भ गरिएको हो।नेपाल एकीकरणको समयमा गोरखा दरबारबाट विभिन्न बाजागाजा बजाइ ठूलो आँगन इलाकामा आफ्नो फैजाहरुलाई सामेली, ब्रिफ्रीङ, तथा अन्य विविध कार्यक्रमको आयोजन गर्ने गरेको परम्परालाई स्मरण गराउने उद्देश्यले राष्ट्रनिर्माता अवधारणाको थालनी गरिएको उनले बताए।नेपालको नक्सा अंकित मनोग्रामसहितको राष्ट्रिय झण्डा तथा पृथ्वीनारायण शाहको सालिकको अनावरण तथा राष्ट्रनिर्माता सलामी अर्पण सुभारम्भ कार्यक्रमलाई सम्वोधन गर्दै नेपाली सेनाक प्रधानसेनापती प्रभुराम शर्माले गौरवमय इतिहासलाई जिवन्त राख्न उत्त कार्यक्रमले सहयोग पुऱ्याउने बताए। 'गढी, किल्ला लगायतका ऐतिहासीक धरोहरको एकिकृत रुपमा समन्वय गरेर प्रवर्द्धन गर्नु आवश्यक देखिन्छ, यसमा नेपाली सेनाले पनि सक्दो सहयोग गर्ने प्रण गर्न चाहन्छु,' उनले भने। ठूलो आँगनमा सूर्योदय र सूर्यास्तमा हुने राष्ट्रनिर्माता सलामी अर्पण कार्यक्रमले पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सहयोग पुग्ने उनको विश्वास छ। 'यो कार्यक्रम निकै प्रभावकारी हुने छ, आन्तरिक तथा वाह्य पर्यटकलाई समेत केही न केही इतिहास बुझ्न प्रोत्साहित गर्ने छ,' उनले भने।इतिहासलाई जगेर्ना तथा प्रवर्द्धन गर्न, वाह्य र आन्तरिक पर्यटक भित्र्याउन उक्त अवधारणाले सघाउने गोरखा नगरपालिकाका नगर प्रमुख कृष्ण राना मगरले बताए। 'यस्तो कार्यक्रम विश्वका केही देशहरुले मात्र गरेको बुझेका छौं,' उनले भने, 'नेपाल राज्य विस्तार अभियान सुरु भएको गोरखामा दैनिक नेपाली सेनाले परेड प्रदर्शन गर्दा देशभित्र मात्र नभएर विदेशी पर्यटकको समेत ध्यान पुग्ने विश्वास लिएका छौं।' यसले इतिहासको सम्मान समेत हुने रानाले बताए।साभार इकान्तिपुर

प्रधान

# राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा विवाद



२७ पुस, ठोरी पर्सा । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको अन्तिम निर्णयलाई लिएर ठोरी गाउँपालिकामा विवाद उत्पन्न भएको छ ।

आक्रोशमा आएका विद्यार्थीले गाउँपालिका वडा नं २ को कार्यालयमा तोडफोड समेत गरेका छन् । गएराति ९ बजेतिर सरस्वती मावि ठोरीका विद्यार्थीले वडा कार्यालयमा तोडफोड गरेका थिए ।

गाउँपालिकाले आयोजना गरेको प्रथम राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको अन्तिम निर्णयलाई लिएर सरस्वती मावि, ठोरीले असन्तुष्टी जनाएको थियो ।

अन्तिम निर्णय नमान्ने भन्दै वहिष्कार गरेर घर फर्कदै गरेका विद्यार्थीको समूहले वडा कार्यालयमा प्रवेश गरेर कुर्सी, सोफा लगायत फर्नीचर सामाग्रीमा क्षति पुऱ्याएको वडाध्यक्ष अमृतकृष्ण सापकोटाले जानकारी दिए ।

विद्यार्थीले कार्यालयको ढोकामा लगाएको ताल्चा फोड्न खोजेका थिए । ताल्चा फोड्न नसकेपछि गेट माथिबाट कार्यालय परिसर भित्र प्रवेश गरी फर्निचर सामाग्रीमा तोडफोड गरेको उनले जानकारी दिए । विद्यार्थीको तोडफोडबाट कार्यालयको ३ वटा कुर्सी र सोफामा क्षति पुगेको छ ।घटनाको सम्बन्धमा आज बिहान अनौपचारिक छलफल समेत भएको थियो । घटनाका सम्बन्धमा सरस्वती माविका प्रधानाध्यापक केशव प्रसाद रेग्मीले घटनाको नैतिक जिम्मेवारी लिने भएका छन् ।पुस २४ गतेदेखि २६ गतेसम्म सम्पन्न प्रथम राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सरस्वती मावि ठोरीले सर्वाधिक १३ स्वर्ण पदक जितेको थियो । तर निर्णायकले पदकको अङ्का आधारमा निर्णय गर्दा सरस्वती मावि ठोरी दोस्रो र ज्ञानज्योति मावि प्रथम भएको थियो ।

सोही निर्णयमा आपत्ती जनाउँदै विद्यालयले पुरस्कार बहिष्कार गरेको थियो । पुरस्कार बहिस्कार गरेर घर फर्कने क्रममा विद्यार्थीले ठोरी गापा अध्यक्ष लाल बहादुर श्रेष्ठ लगायतको विरोधमा नाराबाजी समेत गरेका थिए । स्वर्ण पदकका आधारमा प्रथम, द्बितिय र तृतिय घोषणा गर्नुपर्ने उनीहरुको माग छ ।

# मधेसको मुख्यमन्त्रीमा जसपाका सरोज यादव नियुक्त



जनकपुर – मधेस प्रदेशको मुख्यमन्त्रीमा जसपा संसदीय दलका नेता सरोजकुमार यादव नियुक्त भएका छन् । बुधबार बिहान प्रदेश प्रमुख हरिशंकर मिश्रले यादवलाई मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

बुधबार नै नेकपा एमाले, माओवादी केन्द्र, जनमत र २ जना स्वतन्त्र गरी ६३ सांसदको समर्थनमा यादवले मुख्यमन्त्रीमा दाबी पेस गरेका थिए । १०७ सिट रहेको मधेस प्रदेशमा बहुमतका लागि ५४ सांसदको समर्थन आवश्यक पर्छ । यादवलाई एमालेका २३, जसपाका १६, जनमतका १३ माओवादीका ८ र ३ जना स्वतन्त्र सांसदको समर्थन छ ।

बारा १(२) बाट दोस्रो पटक प्रदेशसभामा निर्वाचित यादव प्रदेशका पूर्वसभामुखसमेत हुन् ।

त्यस्तै प्रदेशसभामा नेकपा एमालेका २३, नेपाली कांग्रेसका २२, जनता समाजवादी पार्टीका १६, जनमत पार्टीका १३, लोकतान्त्रिक समाजवादी पार्टी र नेकपा माओवादी केन्द्रका ९-९, नेकपा (एकीकृत समाजवादी) ७, नागरिक उन्मुक्ति, राप्रपा र नेपाल संघीय समाजवादीका एक-एकजना सांसद छन् ।

मधेसमा जसपा र जनमतले आलोपालोमा मुख्यमन्त्री पद लिने सत्ता गठबन्धनमा सहमति भएको छ ।

यादव मधेस प्रदेशका दोस्रो मुख्यमन्त्री भएका हुन् । यसअघि उनकै दल जसपाबाट लालबाबु राउत मधेस प्रदेशका मुख्यमन्त्री थिए ।

# फरार सांसद महतोलाई पक्राउ गर्न निर्देशन दिइसकेको छु : उपप्रधानमन्त्री लामिछाने



२७ पुस, काठमाडौं । उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले नेकपा एमालेबाट निर्वाचित सांसद लक्ष्मी महतोलाई पक्राउ गर्न प्रहरीलाई निर्देशन दिएको बताएका छन् ।

बुधबार राष्ट्रिय प्रजातन्त्र पार्टीले आयोजना गरेको चियापान कार्यक्रममा पत्रकारहरुले सोधेको प्रश्नको जवाफ दिँदै उनले फौजदारी मुद्दाका आरोपी सांसद महतोलाई पक्राउ गर्न प्रहरीलाई निर्देशन दिइसकेको बताएका हुन् ।

मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत लिंदा सांसद महतो प्रतिनिधिसभा बैठकमा सहभागी भई प्रधानमन्त्रीको पक्षमा मत दिएका थिए ।

बुधबार पत्रकारहरुले गृहमन्त्री लामिछानेलाई फरार अभियुक्त संसदमै उपस्थित हुँदा पनि किन पक्राउ गर्न सक्नुभएन भनी प्रश्न गरेका थिए । जवाफमा उनले भने, मैले देखिनँ । पछि सञ्चारमाध्यमबाट थाहा पाएपछि आईजीपीलाई फोन गरेर पक्राउ गर्न निर्देशन दिइसकेको छु ।'

# दुई भारतीय कामदारको निसास्सिएर मृत्यु

वीरगन्ज – पर्सामा निसास्सिएर दुई जना भारतीय कामदारको मृत्यु भएको छ । वीरगन्ज महानगरपालिका- २२ जगनाथपुरस्थित त्रिपती ट्रेडिङ एण्ड सप्लायर्सको कोइला डिपोमा कार्यरत दुई जना भारतीय कामदारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

मृत्यु हुनेमा भारत विहारको मोतीहारी जिल्ला रक्सौल थाना कौवाठेगर- ७ निवासी २९ वर्षीय पवित्र गिरी र भारत निवासी ३० वर्षीय मिथलेश यादव रहेका छन् ।

प्रहरी नायव उपरीक्षक दिपक गिरीका अनुसार तगारीमा पत्थर कोइला बोलेर झ्यालढोका बन्द गरी कोठामा सुतेका दुबै जनाको

बाँकी तेश्रो पृष्ठमा

# सातवटै प्रदेशमा सरकार गठन, कहाँ कसको नेतृत्व ?



काठमाडौं। सातवटै प्रदेशमा सरकार गठन भएका छन्।बुधबार मधेस, लुम्बिनी, कर्णाली र सुदूरपश्चिममा मुख्यमन्त्री नियुक्त भएसँगै सातवटै प्रदेशमा सरकार गठन भएका छन्।

यसअघि प्रदेश १ को मुख्यमन्त्रीमा नेकपा एमालेका नेता हिक्मतकुमार कार्की, गण्डकी प्रदेशको मुख्यमन्त्रीमा एमाले नेता खगराज अधिकारी र बागमती प्रदेशको मुख्यमन्त्रीमा माओवादीका शालिकराम जम्कट्टेल नियुक्त भएका थिए।

प्रदेश १, गण्डकी, लुम्बनी र सुदूरपश्चिममा एमाले, बागमती र कर्णालीमा माओवादी तथा प्रदेश २ मा जसपा नेतृत्वमा प्रदेश सरकार बनेका छन्।

कहाँ कसको नेतृत्व ?

प्रदेश १

प्रदेश १ को मुख्यमन्त्रीमा नेकपा एमालेका नेता हिक्मतकुमार कार्की नियुक्त भएका छन्। उनलाई आइतबार प्रदेश प्रमुख परशुराम खापुङले संविधानको धारा १६८ (२) अनुसार मुख्यमन्त्रीमा नियुक्त गरेका थिए। कार्कीले सोमबार मुख्यमन्त्रीको शपथ लिइसकेका छन्।

कार्कीलाई सत्ता साझेदार दलको तर्फबाट एमाले, माओवादी केन्द्र, राप्रपा र जसपा गरी ६० सांसदको समर्थन छ।

शीर्ष नेताहरुबीच भएको छलफलमा उक्त प्रदेशमा एमालेले मुख्मन्त्री र नेकपा माओवादी केन्द्रले सभामुख लिने सहमति जुटेको थियो।

९३ सिट रहेको प्रदेश १ मा बहुमतको सरकार बनाउन ४७ प्रदेशसभा सदस्यको समर्थन आवश्यक पर्छ। एमाले एक्लैको ४० सिट छ भने माओवादी केन्द्रका १३, राप्रपाका ६ र जसपाका एक सिट छ।

प्रदेश १ मा नेपाली कांग्रेसका २९ र नेकपा एकीकृत समाजवादीका ४ प्रदेशसभा सदस्य छन्।

झापा ५ को १ बाट प्रदेशसभामा निर्वाचित कार्की अध्यक्ष केपी ओली निकट, एमाले स्थायी कमिटी सदस्य, तथा पहिलो कार्यकालमा प्रदेशको आन्तरिक मामिला तथा कानुनमन्त्री बनेका थिए।

मधेस प्रदेश

मधेस प्रदेशको मुख्यमन्त्रीमा जनता समाजवादी पार्टी (जसपा) प्रदेश संसदीय दलका नेता सरोजकुमार यादव नियुक्त भएका छन्। उनी मेधश प्रदेशका निवर्तमान सभामुखसमेत हुन्।

बुधबार प्रदेश प्रमुख हरिशंकर मिश्रले उनलाई मुख्यमन्त्रीमा नियुक्त गरेका हुन्। त्यसअघि यादवले ६३ सांसदको समर्थनसहित प्रदेश प्रमुख मिश्रसमक्ष मुख्यमन्त्रीका लागि दाबी पेस गरेका थिए। यादवलाई जसपाको १६, नेकपा एमालेका २३, जनमत पार्टीका १३, नेकपा माओवादी केन्द्रका ९, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल संघीय समाजवादी पार्टीका एक-एक तथा स्वतन्त्र प्रदेश सभा सदस्यहरूसहित ६३ प्रदेश सांसदको समर्थन छ।

१०७ जना प्रदेशसभा सदस्य रहेको मधेश प्रदेशमा बहुमतका लागि ५४ जना प्रदेश सभा सदस्यको आवश्यक पर्छ।

नेपाली कांग्रेस, लोकतान्त्रिक समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी र तीन जना प्रदेशसभा सदस्यको सरकारलाई समर्थन छैन।

प्रदेश प्रमुख हरिशंकर मिश्रले पुस २८ गते अपरान्ह ४ बजेभित्र सरकारको नेतृत्वमा दाबी पेस गर्न आह्वान गरेका थिए। पुस २९ गते मुख्यमन्त्रीको शपथ ग्रहण हुनेछ।

मधेसमा जसपा र जनमतले आलोपालोमा मुख्यमन्त्री पद लिने सत्ता गठबन्धनमा सहमति भएको छ ।

बागमती प्रदेश

बागमती प्रदेशको मुख्यमन्त्रीमा शालिकराम जमकट्टेल नियुक्त भएका छन्। माओवादी केन्द्रका संसदीय दलका नेतासमेत रहेका जमकट्टेललाई सोमबार प्रदेश प्रमुख यादवचन्द्र शर्माले मुख्यमन्त्रीमा नियुक्त गरेका थिए। जमकट्टेललाई ७० प्रदेशसभा सदस्यको समर्थन छ।

गण्डकी प्रदेश

नेकपा एमाले नेता खगराज अधिकारी गण्डकी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका छन्। एमाले संसदीय दलका नेता समेत रहेको अधिकारी सोमबार गण्डकी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका थिए।

उनलाई गठबन्धनका तर्फबाट ३३ जना सांसदको समर्थन छ। अधिकारीले सोमबार नै शपथ लिइसकेका छन्।

लुम्बिनी प्रदेश

नेकपा एमाले प्रदेश संसदीय दलका नेता लीला गिरी लुम्बिनीको मुख्यमन्त्रीमा नियुक्त भएका छन्।

बुधबार उनलाई लुम्बिनी प्रदेशका प्रदेश प्रमुख अमिक शेरचनले मुख्यमन्त्रीमा नियुक्त गरेका हुन्। त्यसअघि उनले प्रदेश प्रमुख शेरचन समक्ष ७ दलका ५८ सांसद समर्थनसहित मुख्यमन्त्रीमा दाबी पेश गरेका थिए।

८७ सदस्यीय प्रदेश सभामा सरकार गठनका लागि ४४ सांसद भए वहुमत पुग्छ।लुम्बिनीमा एमाले र माओवादीबीच आलोपालो सरकारको नेतृत्व गर्ने सहमति भएको छ।

लुम्बिनी प्रदेशका प्रदेश प्रमुख अमिक शेरचनले संविधानको धारा १६८ को उपधारा २ बमोजिमको बहुमतीय सरकार गठनका लागि पुस २७ गते ४ बजेसम्मको समय सीमा तोकेर पुस २१ गते दलहरूलाई आह्वान गरेका थिए।

कर्णाली प्रदेश

कर्णाली प्रदेशको मुख्यमन्त्रीमा नेकपा माओवादी केन्द्रका राजकुमार शर्मा नियुक्त भएका छन्।

उनलाई बुधबार प्रदेश प्रमुख तिलक परियारले संविधानको धारा १६८ (२) बमोजिम मुख्यमन्त्री नियुक्त गरेका हुन्। उनले यसअघि माओवादी, एमाले, राप्रपा, एकीकृत समाजवादी गरि २५ सांसदको हस्ताक्षरसहित प्रदेश प्रमुख परियारसमक्ष मुख्यमन्त्री नियुक्तिका लागि दाबी पेस गरेका थिए। ४० सदस्य रहेको कर्णाली प्रदेशसभामा बहुमतका लागि २१ सांसद चाहिन्छ।

रुकुम पश्चिम प्रदेशसभा (२) बाट निर्वाचित शर्मा माआवादी पोलिटब्यूरो सदस्य समेत हुन्।कर्णालीमा माओवादी र एमालेबीच आलोपालो मुख्यमन्त्री बन्ने सहमति भएको छ।

सुदूरपश्चिम प्रदेश

नेकपा एमाले सुदूरपश्चिम प्रदेश संसदीय दलका नेता राजेन्द्र सिंह रावल मुख्यमन्त्रीमा नियुक्त भएका छन्।

उनलाई बुधबार प्रदेश प्रमुख देवराज जोशीले मुख्यमन्त्रीमा नियुक्त भएका हुन्। उनले बुधवार दिउँसो प्रदेश प्रमुख जोशीसमक्ष मुख्यमन्त्रीमा दाबी पेश गरेका थिए।

उनलाई समर्थन उनको पार्टी एमाले, माओवादी, नागरिक उन्मुक्ति र राप्रपाका २९ सांसदको समर्थन रहेको छ। रावल एमाले पोलिटब्युरो सदस्य एवं सुदुरपश्चिम प्रदेश सहइन्चार्ज हुन्। उक्त प्रदेशमा एमाले र माओवादी आलोपालो मुख्यमन्त्री बन्ने सहमति बनेको छ।

# सरोज यादव : गाविस अध्यक्षदेखि मुख्यमन्त्रीसम्म




बारा – पटक-पटक कार्यकारी पदमा रही अनुभव बटुलेका सरोजकुमार यादव मधेस प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका छन् । यसअघि संघीय सरकारमा दुईपटक राज्यमन्त्री र मधेस प्रदेशका सभामुख भइसकेका उनी मुख्यमन्त्री बनेका हुन् । बारा निर्वाचन क्षेत्र नम्बर १ को (२) बाट उनी एमाले र जसपाबीचको चुनावी तालमेलमा उनी प्रदेशसभा सदस्यमा उम्मेदवारी दिएर दोस्रो पटक निर्वाचित भएका हुन् । यसअघि २०७४ मा तत्कालीन राजपाबाट प्रदेश सभामा यही क्षेत्रबाट प्रत्यक्षतर्फ निर्वाचित भएका थिए ।

राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टीबाट राजनीति सुरु गरेका उनी पहिलो पटक तत्कालीन राजपाबाट चुनावी प्रतिस्पर्धामा थिए भने यसपटक जसपामा प्रवेश गरी उम्मेदवारी दिएका थिए । दोस्रो पटकको चुनावमा उनको क्षेत्रमा गत मंसिरको चुनावमा वाम लोकतान्त्रिक गठबन्धन थिएन । कांग्रेस र नेकपा एसको छुट्टै उम्मेदवारसित प्रतिस्पर्धा गरी ४ हजारभन्दा बढी मतान्तरले नजिकका प्रतिस्पर्धी कांग्रेसका उम्मेदवार नागेन्द्र साहलाई पछि पार्दै विजयी भएका थिए ।

२४ वर्षकै उमेरमा वीरगन्जको ठाकुरराम बहुमुखी क्याम्पसमा पढ्दापढ्दै तत्कालीन हरिहरपुर

बाँकी तेश्रो पृष्ठमा